मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com


## २४० केजी चरेस बरामद, ट्रकसहित दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ठूलो मात्रामा लागुपदार्थ बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले आइतबार दिउँसो जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी बरामद गरिएको चरेससहित दुईजनालाई पक्राउ गरिएको जानकारी गराएको हो ।
वीरगंजबाट प्रहरीले शनिबार राति २ सय ४० केजी चरेससहित दुई जनालाई नियन्त्रणमा लिन सफल भएको हो । मकवानपुरबाट मालबाहक ट्रकमा लागु पदार्थ आइरहेको सूचनाका आधारमा वीरगंज महानगरपालिका वडा नम्बर २२ जगरनाथपुरबाट शनिबार राति प्रहरीले एउटा मालवाहक ट्रकबाट २ सय ४० केजी चरेस बरामद गरेको पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठकले बताए ।


● वर्ष ४ ● अंक ३९ ● २०८२ साल पौष ०७ गते सोमबार ● Monday 22, December 2025 ● सूर्योदय: बिहान ०६:५० बजे ● सूर्यास्त: साँझ ५:१७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-


# मधेश प्रदेशसभा सभामुखमा यादव निर्वाचित, शपथ ग्रहण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाको तेस्रो सभामुखको रुपमा रामअशिष यादवले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।
प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णले आइतबार जनकपुरधाममा यादवलाई सभामुख पदको शपथ गराए । उनले मधेशको पहिचान र मातृभाषाको सम्मान झल्किने गरी मैथिली भाषामा पद तथा गोपनीयताको शपथ लिए ।
मैथिली भाषामा शपथ ग्रहण गरेपछि प्रदेशसभामा उपस्थित सांसद, कर्मचारी तथा शुभेच्छुकहरूले ताली बजाउँदै उनको स्वागत गरेका थिए ।
शपथ ग्रहण समारोहमा मुख्यमन्त्री कृष्णप्रसाद यादव, उपसभामुख बबिता राउत इसर, मन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, विभिन्न दलका नेताहरू तथा उच्च सरकारी अधिकारीहरूको उपस्थिति रहेको थियो । शिक्षक र पत्रकारिताको पृष्ठभूमिबाट राजनीतिमा आएका यादवले यसअघि जसपा नेपालको प्रमुख सचेतकको जिम्मेवारीमा रहेर प्रदेशसभामा सक्रिय भूमिका खेल्दै आएका थिए ।
यसअघि मधेश प्रदेशसभाको सभामुखमा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट रामअशिष यादव निर्वाचित भएका थिए ।
आइतबार मधेश प्रदेशसभा बैठकमा भएको मत विभाजन प्रकृयामार्फत उनी सभामुखमा निर्वाचित भएका हुन् ।
प्रदेशसभामा उपस्थित ९६ प्रदेशसभा सदस्यमध्ये ७२ प्रदेशसभा सदस्यले यादवको पक्षमा मतदान गरे भने २४ प्रदेशसभा सदस्यले विपक्षमा मतदान गरेका थिए ।



नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, लोसपा, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरु पक्षमा मतदान गरेका थिए । एमाले, राप्रपा र नेपाल संघिय समाजवादी पार्टीका प्रदेशसभा सदस्यहरु विपक्षमा मतदान गरेका थिए ।
सभामुखको भूमिका निर्वाह गर्दै आइरहेकी उपसभामुख बबिता राउतले यादव सभामुखमा निर्वाचित भएको घोषणा गरेकी थिइन् ।
यादवलाई सभामुख निर्वाचित गर्न नेपाली कांग्रेसका सांसद विरेन्द्र प्रसाद सिंहले प्रस्ताव गरेका थिए ।
शुरुमै रामअशिष यादवलाई सभामुखमा निर्वाचित गरियोस् भन्ने प्रस्तावमा बहुमतले निर्वाचित भएकोमा सभामुखका अर्का प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार त्रिलोकी प्रसाद यादवको प्रस्ताव प्रदेशसभामा निर्णयार्थ प्रस्तुत गर्नु परेको थिएन ।
सभामुखमा निर्वाचित यादव धनुषा निर्वाचन क्षेत्र नं. २ (ख) बाट दोस्रो पटक प्रत्यक्ष निर्वाचित सांसद हुन् । उनी जसपा नेपालका प्रमुख सचेतकको जिम्मेवारी समेत सम्हाल्दै आएका थिए ।
यसअघि नेकपा एमालेबाट सभामुख बनेका रामचन्द्र मण्डललाई सातलीय गठबन्धनले पद अनुकुल अचरण नगरेको भन्दै मंसिर ३ गते दुई तिहाई बहुमतबाट पदमुक्त गराएका थिए । त्यसपछि सो पद रिक्त रहँदै आईरहेको थियो ।

- **शिक्षक–पत्रकार हुँदै सभामुख**

शिक्षक र पत्रकारिताबाट सार्वजनिक जीवन शुरु गरी प्रदेश राजनीतिसम्मको यात्रा तय गरेका रामआशिष यादवको जन्म २०२६ साल चैत १५ गते धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१७, साविक कनकपट्टी गाविसमा भएको हो । उनी स्वर्गीय रामलखन यादव र दौलतिया देवीका १० सन्तानमध्ये कान्छा छोरा हुन् । कृषक परिवारमा हुर्किएका यादवले स्नातक तहसम्म अध्ययन गरेका छन् ।
२०५० सालमा काभ्रेपलाञ्चोकको बागदेवी माध्यमिक विद्यालयमा अंग्रेजी शिक्षकका रूपमा सेवा शुरु गरेका यादव करिब अढाइ वर्षपछि पत्रकारितातर्फ आकर्षित भए । २०५४ सालमा रेडियो नेपाल धनुषा संवाददाताबाट पत्रकारिता यात्रा शुरु गरेका उनी २०६० सालमा पुनः शिक्षण पेसामा फर्किएर जनकपुरधामस्थित सकल भवन कन्या माध्यमिक विद्यालयमा शिक्षक बने ।
शिक्षणसँगै उनले गोरखापत्र, अन्नपूर्ण पोस्ट, इमेज टेलिभिजन र जनकपुर टुडेमा संवाददाताका रूपमा काम गरे । उनी जनकपुर एफएम, तहल्का नेपाल र जनकपुर टीभीका संस्थापकसमेत हुन् ।
२०६७ सालमा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष निर्वाचित भएका यादवले कार्यकालको अन्त्यतिर जनकपुरधामको ऐतिहासिक गंगासागर सरसफाइ अभियानको नेतृत्व गरे । सुरक्षाकर्मी, शैक्षिक संस्था, पत्रकार महासंघ र नागरिक समाजको सहकार्यमा नियमित सरसफाइपछि गंगासागर स्वच्छ बन्यो । यसैको निरन्तरता स्वरूप २०७१ सालमा महागंगा आरतीको सुरुवात भयो, जुन अहिले जनकपुरधामको प्रमुख पर्यटकीय आकर्षण बनेको छ ।
वातावरण संरक्षण अभियानकै क्रममा यादव २०७४ सालको निर्वाचनअघि संघीय समाजवादी फोरममा प्रवेश गरे । धनुषा–२ (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित उनी २०७९ सालमा दोस्रो पटक पनि निर्वाचित भए ।
प्रदेशसभामा सामाजिक मुद्दा प्रभावकारी रूपमा उठाउँदै आएका यादव नियमित सहभागिता र सक्रिय भूमिकाका कारण दुई पटक उत्कृष्ट सांसद घोषित भएका छन् ।२०७९ को निर्वाचनपछि उनी जसपा संसदीय दलको नेतामा आकांक्षी बने पनि सो जिम्मेवारी पाएनन् र प्रमुख सचेतकको भूमिका सम्हाले ।
निर्वाचन क्षेत्रमा विद्यालयको शैक्षिक गुणस्तर सुधार र वातावरण संरक्षणमा सक्रिय यादव वातावरण संरक्षण सम्मान, नेपाल स्रष्टा सम्मान र भारतको दरभंगाबाट प्रदान गरिएको मिथिला विभूति सम्मानलगायत विभिन्न पुरस्कारबाट सम्मानित छन् ।

# शीतलहर शुरु भएसँगै स्थानीय प्रशासनको पूर्वतयारी

**वीरगंज ।**
शीतलहर शुरु भएसँगै सर्वसाधारणलाई जोगाउन पर्सा जिल्लामा आवश्यक तयारी थालिएको छ ।
यसवर्ष पुस महिनाको प्रारम्भसँगै शीतलहर शुरु भएको हुँदा यसले बर्सेनि पर्सा सहितका तराई मधेशका जिल्लामा पार्ने प्रभावलाई न्यूनीकरण गर्न यसपटक पर्सामा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले शीतलहर शुरु हुनु पहिले नै पूर्वतयारी थालेको पर्साका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका अध्यक्ष भोला दाहालले बताए ।
मधेशमा शीतलहर वर्षैपिच्छे भोग्दै आएको समस्या भएको र यसबाट क्षति हुन थालेपछि यसको व्यवस्थापन बढी खर्चिलो र सम्हाल्न धौधौ पर्ने हुँदा समयमानै यसको पूर्वतयारी थालिएको दाहालले बताए ।
शीतलहरबाट उत्पन्न हुने समस्या र पूर्व तयारीका बारेमा पर्सामा आवश्यक गृहकार्य शुरु भइसकेको बताउँदै प्रमुख जिल्ला अधिकारी दाहालले पर्साका १४ वटै पालिकाका प्रमुखहरू, सामाजिक सङ्घसंस्था र जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरू सहितको बृहत् बैठक सम्पन्न भएको बताए ।
विपद व्यवस्थापन समितिले यसअघि शीतलहर प्रभावितहरूको उद्धार तथा राहतमा संस्थागत योगदान दिँदै आएका संस्थाहरू, विभिन्न व्यक्तित्व र



निकायसँग तत्काल समन्वय गरी शीतलहर व्यवस्थापन योजना तयार गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए ।
जिल्लाका सबै गैरसरकारी संस्थाहरूलाई यस काममा अभिप्रेरित गर्दै स्थानीय तहसँगको सहकार्यमा शीतलहर प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा जोडिन विपद व्यवस्थापन समितिले निर्देशन दिएको छ ।
पर्सासहित तराई मधेशका जिल्लाहरूमा शीतलहरको समयमा बर्सेनि मानवीय क्षति, स्वास्थ्य समस्या र कृषिबालीमा समेत ठूलो परिमाणमा नोक्सानी हुँदै आएको छ । यसपालि शीतलहरका बेला आवश्यक पर्ने दाउराको प्रबन्ध मिलाउन सम्बद्ध पक्षलाई सचेत गराइएको समेत प्रमुख जिल्ला अधिकारी दाहालले बताए ।
पुस २ गते बुधबार रातिदेखि चलेको पश्चिमी हावाको प्रभावले पर्सा जिल्लामा चिसो उल्लेख्य रूपमा बढेको छ । बिहीबारदेखि शीतलहर सुरु भएसँगै जनजीवन प्रभावित हुन थालेको छ । मौसम विभागले यसअघि नै यस वर्ष गत वर्षको तुलनामा चिसो बढी हुने पूर्व सूचना जारी गरिसकेको छ ।
यसपालि चिसो चाँडै शुरु भएसँगै वीरगंज महानगर तथा जिल्लाका विभिन्न पालिकामा दैनिक जनजीवन प्रभावित भएको छ । सरकारी कार्यालय तथा सेवा केन्द्रहरूमा सेवाग्राहीको संख्या पातलिएको छ भने बजार तथा सार्वजनिक स्थानमा सर्वसाधारणको चहलपहल घटेको छ ।
चिसोबाट जोगिन घर आँगनमा आगो बालेर ताप्ने क्रम बढेको छ । दाउरा उपलब्ध स्थानमा दाउराको प्रयोग भइरहेको छ भने अन्य स्थानमा कागज, कुटजस्ता सामग्री बालेर न्यानो हुने प्रयास भइरहेको छ । चिसो बढेसँगै दलित, गरिब तथा विपन्न परिवार बढी प्रभावित भएका छन् ।
विद्यालयहरूमा विद्यार्थीको उपस्थिति पनि घट्न थालेको जनाइएको छ । स्थानीयले चिसोबाट बच्न आवश्यक सावधानी अपनाउनुपर्ने र सरोकारवाला निकायले विपन्न समुदायका लागि राहत तथा न्यानो सामग्रीको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।






# मनाइयो रामनारायण मिश्रको पुण्यतिथि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राणा तथा राजतन्त्रविरुद्ध आन्दोलन तथा नेपालमा प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि जीवन पर्यन्त संघर्ष गरेका प्रजातन्त्र सेनानी स्वर्गीय रामनारायण मिश्रको ५८औँ पुण्यतिथि विभिन्न कार्यक्रम गरी मनाइएको छ । उनको पुण्यतिथिमा विभिन्न स्थानमा विचार गोष्ठी आयोजना गरी उनको योगदानलाई स्मरण गरिएको छ ।
मधेश सरकारका मुख्यमन्त्री कृष्ण यादवसहित मन्त्रीहरुले मधेश भवनमा रहेको स्वर्गीय मिश्रको शालिकमा माल्यार्पणगरी पुण्यतिथिको अवसरमा उनलाई स्मरण गरेको हो । मिश्र नेपाली राजनीतिको लौहपुरुष रहेको मुख्यमन्त्री यादवले बताए । उनले यो क्षेत्रमा भएका विकासमा स्वर्गीय मिश्रको अतुलनीय योगदान रहेको बताए ।
त्यस्तै, मिश्रको अन्त्येष्ठी स्थल गंगासागरको डिलमा समेत उनको व्यक्तित्व तथा कृतित्वमाथि चर्चा गर्दै उनलाई स्मरण गरिएको छ । राणाशासनको दमनकारी व्यवस्थाविरुद्ध आवाज उठाउँदै जनतालाई सचेत र संगठित गर्न उनले खेलेको भूमिका ऐतिहासिक र प्रेरणादायी रहेको सहभागीको भनाइ थियो ।
वक्ताहरूका अनुसार स्व. मिश्र केवल राजनीतिक आन्दोलनका अगुवा मात्र नभई सामाजिक चेतना र नागरिक अधिकारका पक्षधर पनि थिए । जनताको हक अधिकार सुनिश्चित गर्न उनले भोग्नुपरेका कठिनाइ, जेल जीवन र निरन्तर संघर्ष आज पनि लोकतान्त्रिक अभ्यासका लागि मार्गदर्शक बनेको उल्लेख गरियो ।
श्रद्धाञ्जली सभामा बोल्दै वक्ताहरूले भने, 'आज हामी लोकतन्त्रको अभ्यास गरिरहेका छौँ भने त्यसको जग स्व. रामनारायण मिश्रजस्ता अग्रजहरूको त्याग र बलिदानले तयार भएको हो । उनका आदर्श, विचार र संघर्ष सधैँ स्मरणीय रहनेछन् ।'
कार्यक्रममा स्व. मिश्रप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मौनधारण गरिएको थियो । साथै, उनको योगदानलाई भावी पुस्तासम्म पु¥याउन इतिहास लेखन, स्मृति कार्यक्रम तथा शैक्षिक पाठ्यक्रममार्फत समेटिनुपर्ने सुझावसमेत दिइयो । स्थानीय अगुवा, बुद्धिजीवी, सामाजिक अभियन्ता तथा सर्वसाधारणको सहभागितामा सम्पन्न कार्यक्रममा स्व. मिश्रको जीवन संघर्षमाथि प्रकाश पार्दै लोकतन्त्र सुदृढीकरणका लागि सबैले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने सन्देश दिइएको थियो ।
वक्ताहरूले स्व. मिश्रको त्याग, संघर्ष र योगदानलाई केवल पुण्यतिथिमा मात्र नभई निरन्तर स्मरण गर्दै लोकतान्त्रिक मूल्य मान्यताको संरक्षण र प्रवद्र्धनमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।
त्यस्तै मिश्रको पुण्यतिथिको अवसरमा उनको पैतृक गाउँ महोत्तरीको पिपरामा समेत श्रद्धाञ्जलीसभाको आयोजना गरिएको थियो । कार्यक्रममा उनको छोरा एवम् मधेशको पूर्वप्रदेश प्रमुख हरिशंकर मिश्र, पूर्व सांसद रामचन्द्र तिवारी, पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव लगायतको उपस्थिति थियो ।

## सम्पादकीय

# के हो निर्वाचन आयोगले भनेको समानुपातिक निर्वाचन व्यवस्था ?

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ ल्याएपछि केही फेरबदल भएको छ । आसन्न निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ समावेशी समूहको प्रतिशत निर्धारण गरेपछि यसबारे धेरैलाई अन्यौल छ । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेपछि केही अष्पष्टता देखिएको हो । सरकारले विसं २०७८ को जनगणनाको प्रतिवेदनअनुसार दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिमको जनसंख्याको प्रतिशतका आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची (१) लाई संशोधन गर्न सिफारिस गरेअनुसार संशोधन भएको हो।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७४ (पहिलो संशोधन) अध्यादेश, २०८२ ले गरेको व्यवस्थाअनुसार आयोगले समानुपातिक प्रणालीतर्फ राजनीतिक दलले उम्मेदवार सिफारिस गर्दा पछिल्लो जनगणनाबमोजिम समावेशी समूहको प्रतिशत मिलाएर सिफारिस गर्नुपर्ने निर्णय भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा गरिएको २०६८ सालको जनगणनामा दलितको जनसंख्या १३ दशमलव आठ रहेकामा २०७८ को जनगणनामा सामान्य घटेर १३ दशमलव चार भएको छ। आदिवासी–जनजातिको अघिल्लो जनगणनामा २८ दशमलव सात रहेकामा पछिल्लोमा २८ दशमलव दुई छ। खस आर्य समूहको अघिल्लोमा ३१ दशमलव दुई रहेकामा पछिल्लोमा सामान्य घटेर ३० दशमलव तीन पुगेको छ । थारु समुदायको छ दशमलव छ बाट छ दशमलव पाँच प्रतिशत भएको छ। मुस्लिम र मधेशीको जनसंख्यामा सामान्य वृद्धि भएको छ। विसं २०६८ को जनगणनामा मुस्लिमको चार दशमलव चार रहेकामा २०७८ को जनगणनामा चार दशमलव नौ प्रतिशत देखिएको छ। मधेशी समुदायको १५ दशमलव तीन बाट बढेर १६ दशमलव तीन पुगेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची–१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख छ । आगामी फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशत गर्नुपर्ने देखिएकाले अध्यादेश जारी भएको हो । प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसङ्ख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्नुपर्नेछ। प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले पुस १३ र १४ गते बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्नुपर्ने समयसीमा तोकिएको छ । जनसंख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा उम्मेदवार सिफारिस गर्दा अपनाउनुपर्ने विधि र पद्धतिका सम्बन्धमा पुस ८ र ९ गते राजनीतिक दलका प्रतिनिधिलाई तालिम दिने आयोगको तयारी छ।

# चिसोले गरिब बस्तीको जनजीवन कष्टकर



**गोपालप्रसाद बराल**

मङ्सिरभरि झलमल्ल घाम लाग्दा सामान्य रहेको यहाँको जनजीवन पुस लागेयता बढ्दै गएको जाडोले प्रभावित बनेको छ । पुस लागेसँगै ह्वात्तै बढेको चिसोले गरिब बस्ती बढी प्रभावित भएका छन् । जिल्लाको दक्षिणी क्षेत्रमा पुस लागेसँगै बिहानदेखि नै मध्याह्नसम्म बाक्लो हुस्सुले ढाकेर चिसो बतास चल्न थालेसँगै गरिब बस्तीको बिजोग बढेको हो । 'यतातिर गत बुधबारदेखि नै मध्यान्हसम्म बाक्लो हुस्सुले ढाक्दै आएको छ, लगातारको चिसो बतासले काममा निस्कन सकिएको छैन,' जिल्लाको सुदूर दक्षिणपूर्वी भेगको मटिहानी–८ का ३० वर्षीय युवा इसरापूmल राइन भन्छन्, 'यसले जीवन गुजारामै सकस बढाएको छ।'

जिल्लाको दक्षिणी क्षेत्रमा लाग्दो पुससँगै हुस्सु बढे पनि सुदूर उत्तरी क्षेत्रमा भने गत शुक्रबारदेखि योक्रम बढेको हो । बर्दिवास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रमा गत बिहीबारसम्म झलमल्ल घाम लागको थियो । 'बिहीबारसम्म त कति राम्रो मौसम थियो, शुक्रबार एक्कासी डम्म हुस्सुले ढाक्यो, त्यसयता जाडो निकै बढ्यो,' गौशाला–१० बटौवा बस्तीका ७० वर्षीय लक्ष्मीप्रसाद कुशवाहा भन्छन्, 'यो बढ्दो चिसोले अब धेरै टिकिन्न कि जस्तो बनाइसक्यो ।' मध्याह्नपछि हुस्सु फाट्दै गए पनि पारिलो घाम लाग्न नसक्दा र दिनभरि नै चिसो बतास चलिरहँदा जाडोले कुनै काममा निस्कन नसकेको उनको भनाइ छ।

यो बढ्दो चिसोले गरिब बस्ती अत्यधिक प्रभावित भएका छन् । अहिले मुसहर, डोम, हलखोर, मेस्तरसहितका अति पिछडिएका गरिब जाति समुदायका बस्तीमा सडकमा फालिएका झुत्रा लुगा, प्लाष्टिक र झित्राझिक्री बालिने 'घुर' मात्र सहारा बनेको छ । 'लकडीकाठी (दाउरा) कहीँ पाइँदैन, कोही फर्केर हेर्ने आउँदैनन् , के गराँै ? यही घुरको धुवाँ तापेर जाडो काट्नु परेको छ,' भङ्गाहा–४ रामनगरको मुसहरीटोलकी हेमनी सदा मुसहरले भनिन्।

बिहानीपख लाग्ने हुस्सुले सडक यातायात र हवाई यातायात सेवा प्रभावित हुन थालेका छन्। बाक्लो हुस्सुकै कारण मध्याह्नअघिका हवाई सेवा धेरैजसो प्रभावित हुँदैछन् । मध्याह्नसम्म हुस्सु राम्ररी फाट्न नसक्दा विमान अवतरणमा समस्या हुने भएर बिहानी सेवा रोकिने गरेको जनकपुर विमानस्थल कार्यालयले जनाएको छ।

यस्तै, एकाबिहानैको समयका सार्वजनिक सडक यातायातका साधनलाई पनि हुस्सु छिचोल्न नसक्दा ठाउँठाउँमा रोकिनुपरेको चालक बताउँछन्। बाक्लो हुस्सुसँगैको चिसो हावा बहने क्रमले बिहान बेलुका जाडो निकै छिप्पिएको छ । चिसो निकै बढेपछि खेतीपाती र बन्दव्यापारका काम ठप्प झैँ भएका छन्। मध्याह्नपछि झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि बाहिरफेरो निस्कन गारो बन्दै गएको छ । यसले बजारको चहलपहल देखिन छाडेको गौशाला–५ गौशाला बजारका व्यापारी अजय साह बताउँछन्।

एक्कासी बदलिएको मौसमले व्यापार व्यवसायमात्र नभएर नियमित खेतीपातीका काममा बिहानैदेखि लाग्न नसकिएको किसान बताउँछन् । लाग्दो पुसमै यस्तो चिसो बढेपछि यहाँका बुढापाका अझ पछिका दिन कस्तो होला भन्दैछन् । 'अहिले नै जाडोले धर्मराएको छ, पुस अझै निकै बाँकी छ, १५ माघ नलागी पारिलो घाम देखिने छाँट छैन, खै कसरी दिन कट्ने हुन् ?,' भङ्गाहा–५ सीतापुर बजारमा बस्दै आएका ८५ वर्षीय हाजी विहारी अन्सारी भन्छन्, 'चिसोले उठ्न बस्न पनि नसकिने भइयो, दुःख पाइने छाँट छ।'

बढ्दो जाडोले यस भेगका गरिब र दलित बस्ती बढी जोखिममा देखिन्छन्। दैनिक ज्यालादारी गरेर गुजारा गर्नुपर्ने श्रमिक बिहानको काममा जान पातलिएको छ । काममा जान नपाएपछि यो सोझै गुजारासँग जोडिने हुँदा गरिब बस्तीमा भोकभोकै बस्नपर्ने अवस्था पनि बन्दैछ । 'मुटु कमाउने जाडो छ, कसरी काममा निस्कने होला ?,' औरही–७ भोइलटिम्किियाका ६० वर्षीय घुरन सदा भन्छन्, 'बनी गर्न ननिस्के मुखमा माड लाग्दैन, अब भोकभोकै पर्ने बेला आउने भयो ।' जाडो सबैलाई उतिकै आए पनि आपूm हरुको गरिबीले समारिन नसकिएर दुःख बढेको उन बताउँछन्।

चिसो बढ्दै जाँदा वृद्धवृद्धा, सुत्केरी र स–साना नानीहरुको स्याहार, सम्भार कठिन भएको छ। घरमा पोषणयुक्त ताजा खाना, न्यानो लुगा र घर वरपर सरसफाइमा कमी हुँदा पराले झुप्राका बस्तीहरु बढ्दो जाडोले बढी प्रभावित भएका देखिन्छन्।

यसैबीच, महोत्तरीका स्वास्थ्य संस्थाले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहार सम्भारमा ध्यान दिन आग्रह गरेका छन् । घरमा आफ्नै वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाकोतर्फबाट सूचना जारी गरिएका छन्।

यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो झ्यास सल्काएर आगो नबाल्न आग्रह गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुवाँले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख नवलकिशोर साह बताउँछन्।

चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा बिहान बेलुका जाडो छल्ने उपायका लागि पहलकदमी लिन स्थानीय तहसँग सामाजिक सङ्घसंस्थाले आग्रह गरेका छन्। असहाय र गरिब बस्तीमा आगो ताप्ने दाउराको प्रबन्ध गरिनु पहिलो प्राथमिकता रहेको बर्दिबास हेल्प फाउण्डेसनका अध्यक्ष कुमार भण्डारीको भनाइ छ । यस कार्यमा स्थानीय तहले स्थानीय प्रशासनसँग समन्वय गरेर आवश्यक प्रबन्ध जुटाउनपर्ने भण्डारीको सुझाव छ।

यससँगै गरिब बस्तीमा न्यानोको प्रबन्ध र खानपिनका कुरामा पनि सहयोग गर्न सकिनेगरी तयारी गरिन आवश्यक रहेको उन बताउँछन् । यसैबीच, जिल्ला समन्वय समितिको कार्यालयले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति यसपालि हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ।

'अब चिसोले प्रभाव बढाउँदै लग्यो, यसअनुरुप हाम्रो तयारी आवश्यक छ,' जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण भन्छन्, 'समयमै गरिने पूर्वतयारीले क्षति रोक्न सकिन्छ ।' यसको पहलकदमी स्थानीय तह र जिल्लास्थित विपद् व्यवस्थापन समितिले थाल्नुपर्ने उनको भनाइ छ । रासस

# धार्मिक पर्यटनको गन्तव्य बन्दै उत्तरगङ्गा ढोरबराह

**वासुदेव पौडेल**



हिन्दू धर्मग्रन्थमा उत्तरतर्फ बगेका नदीलाई महातीर्थका रुपमा लिने गरिएको छ। संसारमा समान्यतः उत्तरतर्फ बगेका नदी निकै कम रहेका छन् । तिनै दुर्लभ उत्तरबाहिनी नदीमध्येमा बागलुङको ढोरपाटनस्थित उत्तरगङ्गा नदीलाई लिइन्छ। यिनै उत्तरबाहिनी गङ्गाको मुहानमा रहेको उत्तरगङ्गा ढोरबराह यस क्षेत्रकै महत्वपूर्ण तीर्थका रुपमा चासो र चर्चा कमाएको छ।

उत्तरगङ्गा धामका रुपमासमेत चिनिएको यो तीर्थस्थलमा विशेषतः जनैपूर्णिमा र वैशाख शुल्क पूर्णिमा दिन विशेष मेला लाग्ने गरेको मन्दिरका पूजारी चामबहादुर बुढाले जानकारी दिए । उत्तरतर्फ भई बग्ने उत्तरगङ्गा नदीको मुहान नै उत्तरगङ्गा ढोरबराह भएको जानकारी दिँदै उनले यहाँ आएर दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वास रहेको बताए।

यस स्थलमा हरेक वर्ष जनैपूर्णिमा र वैशाख पूर्णिमाका दिन मेला भर्न बागलुङसहित पर्वत, म्याग्दीलगायत जिल्लाका साथै कास्की, स्याङ्जालगायतका स्थानबाट दर्शनार्थीहरू आउने गरेका छन् । मेलाका अवसरमा भक्तजनले भेडाको बलिसहित पूजाआजा गर्दै आएको उनले जानकारी दिए । मेलामा सहभागी बन्नका लागि आउने भक्तजनले ढोरबराहमा पूजा गर्नुअघि यहाँ आउने बाटोमा रहेको रुद्रावती गङ्गाको उद्गमस्थल रुद्रतालमा स्नान एवम् पूजा गर्दै ढोरपाटन देउरालीमा पाती चढाएर जाने प्रचलन छ।

यहाँ बर माग्ने पनि अनौठो मौलिक परम्परा छ। उत्तरगङ्गा ढोरबराहमा बर माग्न आउनेहरू सबैभन्दा पहिले रुद्रतालमा र त्यसपछि देउराली भञ्ज्याङमा रहेको देउराली थानमा धजा चढाउने गर्दछन्। त्यहाँबाट आएर यहाँका बाइस धारामा नुहाएर बराह मूलमा गएर बत्ती बालेर फूलपाती, अक्षताले भगवान शिवको बाहन बहरे गोरुलाई पूजा गरी २२ वटा ध्वजा चढाउँछन् । 'यहाँ आएर दर्शन गरेमा सन्तान नभएकालाई सन्तान प्राप्त हुने, नबोलेका बच्चा बोल्ने आदि विश्वास रहेको छ,' उनले भने, 'रोजगारी प्राप्ति, राम्रो स्वास्थ्य आदिको कामना गर्दै पनि यहाँ दर्शनार्थी आउने गरेका छन्।'

पूजा गर्ने क्रममा बराहमूलको कुण्डमा बुलबुल गरेर पानीका फोका उठेमा राम्रो भएको मानिने फोका नउठेमा ग्रहदशा बिग्रेको मानिने जनविश्वास छ। ढोरबराह मन्दिरमा रहेका बाइस धारा कहिल्यै पनि नसुक्नु यहाँको अर्को विशष्टिता हो् । बाइस धारामा स्नानसहित पूजाआजा गर्ने र धाराको जल घरमा लगेर छर्केमा विभिन्न किसिमका अनिष्टबाट मुक्त हुने जनविश्वास रहेको पूजारी बुढाले जानकारी दिए। कतिपयले आफन्तको स्वर्गारोहण भएमा जन्मकुण्डली उत्तरगङ्गामा बगाउने प्रचलन पनि रहेको बुढापाकाहरु बताउँछन्।

पछिल्लो समयमा ढोरपाटनसम्म आउने बाटो सहज बन्दै गएपछि टाढाटाढाबाट दर्शनार्थीहरू आउने क्रम बढ्दै गएको उत्तरगङ्गा ढोरबराह संरक्षण समितिका पूर्व सदस्य रामबहादुर घर्ती मगरले जानकारी दिए । पछिल्ला दुुई तीन वर्षयता दर्शनार्थी तथा पर्यटक आउने क्रम बढिरहेको बताउँदै उनले स्वदेशी पर्यटकका साथै विदेशी पर्यटकको आगमन पनि बढिरहेको जानकारी दिए । 'दर्शनार्थीसँगै स्वदेशी तथा विदेशी पर्यटक पनि आउन थालेपछि यहाँका स्थानीयले पर्यटक लक्षित होटेल तथा घरबासका लागि पनि लगानी बढाउँदै गएका छन्,' ढोरपाटन सामुदायिक होमस्टेका सञ्चालकसमेत रहनुभएका मगरले भने, 'पर्यटकीय चहलपहलले स्थानीयवासीको उत्पादन खपत हुनुका साथै यसले विभिन्न किसिमका रोजगारीसमेत सिर्जना गरेको छ।'

नेपालको एक मात्र सिकार आरक्षका रुपमा रहेको ढोरपाटन शिकार आरक्षभित्र रहेका कारण पनि यो पर्यटकीय रुपमा अर्को आकर्षण हो । ठूलो उपत्यकाको दक्षिणतर्फ अवस्थित सुर्तिवाङ पहाडको उत्तरतर्फबाट उत्तरगङ्गाको र दक्षिणपट्टी रहेको रुद्रतालबाट रुद्रवतीगङ्गाको उत्पत्ति भएका कारण समग्र यस क्षेत्रको धार्मिक महत्व रहेको छ । रुद्रतालमा सतिदेवीको रुद्र अर्थात घाँटी पतन भएको हुँदा रुद्रतालबाट जलप्रवाह भएर रुद्रबतीगङ्गा, बडिगाड खोलाहुँदै कालीगण्डकीमा मिसिएको ठाउँलाई रुद्रवेणी अर्थात् रुरुक्षेत्रका रुपमा लिने गरिएको अर्का स्थानीय बेगबहादुर विकले जानकारी दिए।

सुर्तिवाङ पहाडको देउराली भञ्ज्याङमा रहेको ठाडो ढुङ्गामा साउनको पहिलो हप्ता गाईको दूधले धार दिएपछि मात्रै बर्खाको समयमा सुर्तिवाङ्ग चरनको लागि लगेका गोठमा खिर, कुराउनी र ताईरोटी पकाउने प्रचलन रहेको स्थानीयवासी बताउँछन् । उत्तरगङ्गा ढोरबराहमा यहाँको पूजाआजाको व्यवस्थापनका लागि प्रत्येक वर्ष बोलपत्र आह्वान गर्ने गरेको उत्तरगङ्गा ढोरबराह संरक्षण समितिका पूर्व सदस्य घर्तीले जानकारी दिए।

पूजाका लागि जिम्मा पाएको व्यक्तिले मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीले चढाउने भेटीघाटीका साथै भेडाको बलि दिने क्रममा टाउँको बिक्रीबाट आम्दानी गर्ने गर्दछन् । सामान्यतः जनैपूर्णिमाका दिन एक हजारभन्दा बढी भेडाको बलि हुने गर्दछ भने वैशाख पूर्णिमामा पाँच सय भन्दा बढी भेडाको बलि हुने गर्दछ। अघिपछि पनि विभिन्न तिथि पारेर भाकलसहित पूजाआजा गर्न दर्शनार्थी आउने गर्दछन्।

मालपोत कार्यालयले प्रत्येक वर्ष जेठको १५ गतेदेखि ३० गतेसम्म समयावधि तोकेर बढाबढका लागि सूचना निकाल्ने गरेको उनले जानकारी दिए। अघिल्लो वर्षमा बढाबढका क्रममा १२ लाख रुपैयाँको बोलपत्र स्वीकृत भएको थियो। मन्दिरको संरक्षणसँगै पछिल्ला समयमा यहाँको भौतिक पूर्वाधार विकासका लागि पनि राज्यको चासो बढेको उनले जानकारी दिए । मन्दिर परिसरमा जलकुण्डसहित पार्क निर्माणका साथै पाटनका ठाउँठाउँमा परम्परागत शैलीका पुल निर्माण भइरहेको उनले बताए।

उत्तरगङ्गा ढोरबराहको धार्मिक महत्वका विषयमा विभिन्न हिन्दू धर्मग्रन्थमा उल्लेख भएको पाइन्छ । हिन्दू धर्मग्रन्थमा उल्लेख भएअनुसार परापूर्वकालमा एकजना निकै चलाख र बुद्धिमान कागभुसुण्डी नाम गरेका ऋषि कागको रूपधारण गरेर उत्तरगङ्गा ढोरबराहमा आई तपस्या गरी बसेका थिए । तपस्याको क्रममा उनी भगवान शिवको सम्पर्कमा बसेका थिए र एक दिन भगवान शिवले माता पार्वतीलाई रामकथा सुनाउँदा उनले पनि सुनेका थिए।

वशिष्ठ ऋषिले राजा रामलाई यही पुण्यभूमिमा आएर कागभुसुण्डीसँग शिक्षा लिएमा तिमी धर्म, अर्थ, काम, क्रोधबाट मोक्ष हुनेछौँ भनी बताएका थिए। कागभुसुण्डी ऋषिले यहाँ र मुक्तिनाथ दुवै ठाउँमा तपस्या गरी बसेको भन्ने शास्त्रहरुमा उल्लेख गरेको हुँदा मुक्तिनाथ र उत्तरगङ्गा ढोरबराह दुई दाजुभाइ हुन् भन्ने लोकोक्ति पनि रहेको छ। त्यस्तै यहाँको अर्को लोकोक्ति बलि राजासँग जोडिएको छ। बलि राजाले म स्वर्गको राजा हुन पाउँ भनी १२ वर्ष तपस्या गरेका थिए । उनको तपस्या असार मसान्तका दिन पूरा हुँदै थियो तर भगवान विष्णुले उनलाई स्वर्गको राजा हुनबाट रोक्न तपस्या भङ्ग गरी दिए। उनले बलि राजालाई तिमिलाई स्वर्ग मिल्दैन तर स्वर्ग जस्तै सुन्दर ठाउँ मिलाई दिन्छु भनि ढोरपाटनमा ढकमक्क फुल फूलेको समय जनैपूर्णिमाको दिन पारेर बराहको रूपमा प्रकट गराएका थिए भन्ने उल्लेख छ।

बलि राजाको कठोर तपस्याले गर्दा उत्तरगङ्गा ढोरबराहको उत्पत्ति भएको हो भन्ने धार्मिक विश्वास छ। अर्को तेस्रो लोकोक्ति बहर गोरूसँग सम्बन्धित छ । यहाँको देउराली भञ्ज्याङ्ग सुप्राङको लाटीबराहबाट आएको बहर गोरू र उत्तरगङ्गा ढोरबराहबाट गएको बहर गोरु दुईतर्फ भएर जुँधेछन् । जुध्दै जाँदा लाटीबराहको बहर गोरु हारेर फर्केछ भने ढोरबराहबाट गएको बहरे गोरु जितेर फर्केछ । बहरे गोरु जुँध्दा जमिन भत्केको हुँदा देउराली भञ्ज्याङ बन्न पुग्यो भन्ने किम्बदन्ती रहेको छ। जितेर फर्केको बहर गोरुसँग बर माग्दा बर दिने गरेको हुनाले ढोरबराह भनिएको भन्ने कथन पनि सुन्न पाइन्छ।

उत्तरगङ्गा ढोरबराहको थानमा भेडाको साँढलाई बराह देवताको प्रतीक मानेर बलि दिने गरिन्छ । मन्दिरका पूजारी चामबहादुर बुढाका अनुसार यहाँ उत्तरतर्फ फर्केका तीन वटा पानीका मूल रहेका छन्। यी मूलको नाम बराह मूल, सातमूले मूल र अपूता मूल हो । सातमूले मूललाई उत्तरगङ्गा मूल पनि भनिन्छ। उत्तरगङ्गा नदीको उद्गमस्थल यिनै मूल हुन् । यहाँ सातमूले मूलबाट निस्केको पानीबाट २२ धारा बनाइएको छ। बराह मूलभित्र रहेको जुरो पलाएको, कपाल गजुल्टो परेको र खुट्टा नभएको बहर गोरुलाई पूजा गर्ने र बर माग्ने गरिन्छ । बर मागेमा बर दिने भएकाले बहर गोरुलाई बराह भनिएको हो भन्ने भनाइ रहेको छ। छोरा नहुने दम्पत्तिहरु यहाँ आएर छोराको बर माग्ने गर्दछन्।

यहाँ आउनेहरू उत्तरगङ्गा मूलका २२ धारामा नुहाउने गर्दछन्। त्यसपछि बराह मूलमा गएर बत्ती बालेर फूलपाती, अक्षताले बहर गोरूलाई पुज्ने र २२ वटा ध्वजा चढाउने गरिन्छ । उत्तरगङ्गा ढोरबराहसँगै यहाँको विशाल फाँट अवलोकन गर्न पछिल्ला समयमा ठूलो संख्यामा पर्यटक आउने गरेको विगत लामो समयदेखि घोडचढी व्यवसाय गर्दै आएका डेगबहादुर कामीले जानकारी दिए। ढोरपाटन आएका पर्यटकले होटेल तथा घरबासबाट घोडामा चढेर ढोरबराहको दर्शन गर्न जानुका साथै यहाँको फाँटमा घुम्ने गरेको उनले बताए। उनका अनुसार व्यवसायीले घोडा चढाएबापत १५ मिनेटको दुई रुपैयाँसम्म लिने गरेका छन् भने माथि दखर्कसम्म पुर्याएको तीन हजार ५ सय रुपैयाँसम्म लिने गर्दछन्। पर्यटकका कारण घोडचढी व्यवसाय यहाँका स्थानीयको रोजगारीका लागि राम्रो विकल्प बनेको उनको भनाइ छ।

उत्तरगङ्गा ढोरबराहसहित समग्र ढोरपाटन पर्यटकीयरुपमा धेरै सम्भावना बोकेका स्थान भएका कारण यहाँ पुग्नका लागि बन्दै गरेका बाटो यथाशक्य चाँडो निर्माण सक्नुपर्ने नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ (एनटिभिए) गण्डकी प्रदेशका अध्यक्ष दुर्गादत्त दाहालले बताए। एनटिभिए गण्डकी प्रदेशले ढोरपाटन क्षेत्रको पर्यटन प्रवद्र्धनसँगै यहाँका सम्भाव्यता बारेस्थलगत अवलोकन गर्न हालै पोखराका पर्यटनसम्बद्ध क्षेत्रका व्यवसायी एवम् प्रतिनिधिको सहभागितामा प्रवद्र्धनात्मक भ्रमणसमेत गरेको उनले जानकारी दिए । 'प्रवद्र्धनात्मक भ्रमणका क्रममा हामीले यहाँको पर्यटकीय विकासका धेरै सम्भावना रहेको पायौँ,' उनले भने, 'ढोरपाटनको विशिष्ट भूगोलसँगै यहाँको उत्तरगङ्गा ढोरबराहलाई गण्डकी प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिन्छ।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# दलित बस्तीको शिक्षाका लागि अक्षयकोष

**महोत्तरी ।**
बर्दिबास–१४ स्थित गौतम होटलले बर्दिबास–१४ स्थित एकीकृत नमूना मुसहर बस्तीका बालबालिकाको शिक्षाका लागि तीन लाख ११ हजार रुपैयाँको अक्षयकोष प्रदान गरेको छ । होटलका सञ्चालक हीरालाल गौतमले शनिबार आफ्नो ५०औँ जन्मदिनको अवसर पारेर मुसहर बालबालिकाको शिक्षामा खर्च हुनेगरी स्थापना गरिएको कोष मुसहर बस्तीका शिक्षा अभियानी मञ्जय सदा मुसहरसहितका
बालबालिकालाई तीन लाख ११ हजार रुपैयाँको चेक हस्तान्तरण गरे ।
धुर्मुस सुन्तली फाउन्डेसनले निर्माण गरेर २०७४ साल वैशाख १ गते हस्तान्तरण गरेको ५२ घर बस्तीका बालबालिकाको शिक्षामा खर्च गरिने गरी गौतम होटलले अक्षयकोष स्थापनाका लागि यो रकम प्रदान गरेको हो । शिक्षामा धेरै पछि परेको मुसहर समुदायका बालबालिकाको शैक्षिक सामग्री, औपचारिक पोसाक र विपद्मा सहयोग पुग्नेगरी स्थापना हुने कोषका लागि यो रकम प्रदान गरिएको नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशका अध्यक्षसमेत रहेका गौतमले स्पष्ट पारे ।
‘जिल्लाभरिकै तथ्याङ्कले मुसहर शैक्षिक, सामाजिक, राजनीतिक र आर्थिक रूपमा पछि परेको जाति समुदाय देखिन्छ, हामीले यिनको उत्थानका लागि शिक्षा पहिलो प्राथमिकता हुने ठानेर यो रकम प्रदान गरेका हौँ,’ गौतमले भने ।यो रकममा आपूmमात्र नभई होटलका एक सय ३० जना कामदारको पनि योगदान मिसिएको उनले स्पष्ट पारे ।
विसं २०७४ मा ५२ घरमा २ सय हाराहारीको जनसङ्ख्या रहेको यो मुसहर बस्तीमा त्यसयता भिन्न भई बस्ने बढ्दै गएर अहिले ७५ परिवारभन्दा बढी छन् । यहाँको करिब ३ सय जनसङ्ख्यामा एक जना युवा मञ्जय सदाले स्नातक उत्तीर्ण गरेका छन् ।
अन्य बालबालिका विद्यालय पुर्याउन र टिकाउन निरन्तर प्रयत्न भइरहे पनि यहाँबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गर्ने थपिन नसकेका बस्तीका शैक्षिक अभियानी मञ्जय सदा बताउँछन् ।
गौतम होटलले यो कोषमा बर्सेनि एक लाख थप्दै जाने घोषणा गरेको छ । यसअघि आफ्नो होटल परिवारबीच नमूना बस्तीकै लागि ‘गौतम होटल शिक्षा अक्षयकोष’ नाम दिएर परिवारभित्रबाट सङ्कलन भएको एक लाख २० हजार रुपैयाँ रकमबाट मुसहर बालबालिकाको पोसाक, स्कुल ब्याग (कापी पुस्तक राख्ने झोला) र कापी, सिसाकलमसहितका शैक्षिक सामग्री प्रदान गरेको थियो । बस्तीबाट अहिले ५० जना बालबालिका विद्यालय जाने गरेका सदाको भनाइ छ ।
मुसहर जातिमा यो पछौटेपन यहाँ (नमूना मुसहर बस्ती) मात्र नभई जिल्लाभरिमै उस्तै देखिन्छ । विसं २०७८ को पछिल्लो राष्ट्रिय जनगणनाअनुसार जिल्लामा मुसहरको जनसङ्ख्या २७ हजार ३ सय ५२ छ । यो जिल्लाको कूल जनसङ्ख्या सात लाख छ हजार ९ सय ९४ को ३.८७ प्रतिशत रहेको जिल्ला तथ्याङ्क कार्यालयले जनाएको छ ।
मुसहरको यो जनसङ्ख्याभित्र माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गर्ने अझै ५० सङ्ख्या नाघ्न सकेको छैन । उच्च शिक्षामा प्रवेश गर्ने २० जनामुनि रहेका जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण बताउँछन् । यो जाति समुदायलाई शिक्षामा जोड्न आर्थिक गतिविधिमा सँगसँगै डोहोर्याउनेगरी कार्यक्रम बन्न आवश्यक रहेको कर्णको ठम्याइ छ ।रासस

# अध्यक्षको असहमतिमा पनि प्रशासकीय अधिकृत हाजिर

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको सरुवालाई लिएर विवाद चर्किएको छ । गाउँपालिका अध्यक्ष अनोज चौधरीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेर पठाएका प्रमुख प्रशासकीय अधिकृत अमित गिरिलाई हाजिर नगराउने अडान लिएका थिए ।
अध्यक्ष चौधरीले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो सहमति र गाउँपालिकाको आवश्यकता विपरीत मन्त्रालयले एकलौटी ढंगबाट पठाएका प्रशासकीय अधिकृत स्वीकार गर्न नसकिने बताएका थिए । मन्त्रालयले जबर्जस्ती रूपमा गिरिलाई पठाएको उनको आरोप छ । अध्यक्ष चौधरीका अनुसार पालिका स्थापना भएको आठ वर्षको अवधिमा अमित गिरि पाँचौँ पटक जिराभवानी गाउँपालिकामा आएका हुन् ।
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मङ्सिर २९ गते कालिकामाई गाउँपालिकामा कार्यरत गिरिलाई जिराभवानीमा सरुवा गरेको थियो । विज्ञप्तिमा अध्यक्ष चौधरीले चालु आर्थिक वर्षको मसान्तसम्म कर्मचारी सरुवा नगर्न पटक–पटक मन्त्रालयमा आग्रह गर्दा पनि सुनुवाइ नभएको उल्लेख गरेका थिए ।

**गिरी कार्यालयमा हाजिर**
पर्साको जिराभवानी गाउँपालिकामा सरुवा भइ आएका प्रमुख प्रशासकीय अधिकृत अमित गिरीले आइतबारदेखि कार्यालयमा पुगेर कार्यभार सम्हालेका छन् ।
गत मंगलबार संघ सरकारको सामान्य प्रशासन मन्त्रालयले देशभरका विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवा गरेको थियो । त्यस क्रममा कालिकामाई गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत अमित गिरिको जिराभवानी गाँउपालिकामा र जिराभवानी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाको कालिकामाई गाँउपालिकामा सरुवा गरेको थियो ।

# गैरकानूनी वित्तीय कारोबारमा संलग्न नहुन दूतावासको आग्रह

**रामएकवाल राम**
**दोहा कतार ।**
कतारस्थित नेपाली राजदूतावासले अनौपचारिक विप्रेषण तथा गैरकानूनी वित्तीय कारोबारमा संलग्न नहुन कतार र इरानमा रहेका नेपाली समुदायलाई आग्रह गरेको छ ।
दूतावासले आइतबार जारी गरेको सूचनामा नेपाल सरकारको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी नीतिगत व्यवस्था अनुसार विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम–कारोबार गर्ने वा सङ्कलित रकम नेपाल नपठाउने कार्य गैरकानूनी भएको उल्लेख गरिएको छ ।
यस्ता गतिविधिसम्बन्धी ‘गोप्य’ सूचना अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा परराष्ट्र मन्त्रालयमार्फत विद्युतीय माध्यमबाट प्रतिवेदन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको पनि सूचनामा उल्लेख गरिएको छ ।
विज्ञप्तिमा कतार र इरानमा रहेका नेपाली नागरिकलाई कुनै पनि प्रकारका अवैध वित्तीय गतिविधिमा संलग्न नहुन अनुरोध गरिएको छ । यस्ता गैरकानूनी कारोबारमा संलग्न व्यक्ति वा समूहबारे जानकारी भएमा प्रमाणसहित यथाशीघ्र राजदूतावासले तोकेका फोन नम्बर वा इमेल ठेगानामा सूचना दिन आग्रह गरिएको छ ।

# अटोका चालकसँग सशस्त्र प्रहरीको अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–रक्सौल रुटमा सञ्चालन हुने यात्रुवाहक ई–रिक्सा, ट्याम्पु र टांगा चालकहरूसँग सशस्त्र प्रहरीले आइतबार अन्तरक्रिया कार्यक्रम गरेको छ । एक सय जना चालकलाई सहभागी गराई सीमा सुरक्षा, सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि नियन्त्रण तथा सुरक्षा सतर्कताबारे जानकारी गराइएको सशस्त्र प्रहरीले जनाएको छ ।
कार्यक्रममा पर्साका सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणमा चालकहरूको भूमिका महत्वपूर्ण रहेको बताए । उनले दैनिक रूपमा सीमा क्षेत्रमा आवतजावत गर्ने चालकहरूले कुनै शंकास्पद गतिविधि देखे तत्काल सुरक्षा निकायलाई जानकारी गराउन आग्रह गरे ।

# बसनपुर टोलमा आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नं. ३, बसनपुर टोलमा निःशुल्क आँखा जाँच तथा मोतियाबिन्दु परीक्षण शिविर भएको छ ।लायन्स क्लब वीरगंज परिवार, लायन्स क्लब वीरगंज सेन्ट्रल सिटी तथा जोन चेयरपर्सन डा. लक्ष्मी थापाको सहयोगमा सञ्चालन गरिएको शिविर राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव नेजामुद्दीन शमानी र नेपाली कांग्रेसकी नेत्री आशा देवीको पहलमा आयोजना गरिएको हो ।मंसिर १७ गतेदेखि शुरु भई आइतबार सम्पन्न भएको शिविर पोखरिया नगरपालिकाका १० वटै वडामा सञ्चालन गरिएको थियो ।शिविर अवधिभर तिलगंगा आँखा प्रतिष्ठान र वीरगंज सामुदायिक आँखा उपचार केन्द्रका विशेषज्ञ चिकित्सकले सेवा प्रदान गरेका थिए ।शिविरमा कुल २ हजार ६ सय जनाको आँखा जाँच गरिएकोमा ५ सय ७४ जनामा मोतियाबिन्दु रोग पत्ता लागेको नरोत्तम पाण्डेयले जानकारी दिए ।उनका अनुसार पहिचान भएका सबै बिरामीको निःशुल्क शल्यक्रिया गरिनेछ ।आइतबार मात्रै गरिएको परीक्षणमा ७५ जनामा मोतियाबिन्दु देखिएको थियो । हरिन्द्र महतो केवटको अध्यक्षतामा सम्पन्न शिविरमा नेजामुद्दीन शमानी, आशा देवी, नन्दकिशोर चौहान लगायतको उपस्थिति थियो ।

# सवारी दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–१० स्थित चन्द्रनिगाहपुर–गौर सडक खण्डको बाल्चनपुरमा आइतबार बिहान भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक घाइते भएका छन् । प्रहरीका अनुसार, गरुडाबाट बाल्चपुरतर्फ जाँदै गरेको नम्बर नखुलेको ट्र्याक्टरले बाल्चनपुरबाट आउँदै गरेको प्रदेश २–०३–०१३ प ३०६२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।
दुर्घटनामा मोटरसाइकल चालक ५० वर्षीय प्रमोद साहको घटनास्थलमै मृत्यु भएको छ । मोटरसाइकलमा सवार ६५ वर्षीय जोगेन्द्र हजरा पासवान गम्भीर घाइते भएका छन् । उनलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि न्युरो अस्पताल, बारा पठाइएको छ ।
प्रहरी नायब उपरीक्षक रूपा लाबुङका अनुसार घटनामा संलग्न रहेको आशङ्कामा दुई वटा ट्र्याक्टर नियन्त्रणमा लिइएको छ र घटनाको थप अनुसन्धान भइरहेको छ ।

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज १५, पर्सा

### डांक बढाबढद्वारा लिलामी बिक्रीको सुचना

प्रकाशित मिति :- २०८२/०९/०७

तपशिलमा उल्लेखित सदस्यहरुले निम्न लिखित चल/अचल सम्पति धितो सुरक्षणमा राखी यस संस्थाबाट देहाय बमोजिम कर्जा लिएकोमा म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तरताकेता गर्दा पनि हाल सम्म कर्जा चुक्ता नगरेकाले अन्तिम पटक यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा साँवा रकम र सो चुक्ता गर्नु भन्दा अघिल्लो दिन सम्मको सम्पूर्ण ब्याज समेत चुक्ता गर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनुहुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढद्वारा लिलाम बिक्रि गरिने हुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशितगरिएको छ । साथै उपरोक्तानुसार डांक बढाबढद्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्ष्ण बिवरण |
|---|---|---|
| १. | ऋणी :- दिपक राज सिंह<br>पत्नी :-<br>बुवा :- विरेन्द्र प्रसाद सिंह<br>बाजे :- जगरनाथ सिंह<br>**कर्जा शिर्षक :-व्यपार कर्जा** | श्री जगरनाथ सिंह को नाती विरेन्द्र प्रसाद सिंह को छोरा दिपक राज सिंह पर्सा जिल्ला चोर्नी वडा नं. ८ बस्ने ना.प्रा. नं. ३४-०१-७१-०१४६४ मिति २०७१/०२/१३ पर्सा वर्ष २८ को दिपक राज सिंह को नाममा एकलौटी दर्ता कायम भएको बारा जिल्ला भवानीपुर जितपुर वडा नं. ०३ स्थितको किता नं. ८७२६ को जग्गाको क्षेत्रफल ०-१-३-४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी :- सकुर मिया अंसारी<br>पत्नी :- जलेखा खातुन<br>बुवा :- जहुर मिया<br>बाजे :- मगरु मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री मगरु मिया को नाती जहुर मिया को छोरा सकुर मिया अंसारी पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ बस्ने ना.प्रा.न ८११६१९४८ मिति २०४६/१२/०१ पर्सा बर्ष ५८ को सकुर मिया अंसारी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ स्थितका किता नं. १५५ को जग्गाको क्षेत्रफल ७५५.३५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी :- जलेखा खातुन<br>पति :- सकुर मिया अंसारी<br>बुवा :- हलिम मिया<br>ससुरा :-जहुर मिया<br>**कर्जा शिर्षक :- व्यपार कर्जा** | श्री जहुर मिया को बुहारी सकुर मिया अंसारी को श्रीमति जलेखा खातुन पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ बस्ने ना.प्रा.न ८११६२०७८ मिति २०५३/०३/०३ पर्सा बर्ष ५४ को जलेखा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ३ र ९ स्थितको किता नं.३०० र १५४ को जग्गाको क्षेत्रफल ०३०४७.६७ र ०००८४.६५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**लिलामीशर्तहरु :-**

१) लिलामीमा सबै भन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत धरौटी वापत त्यसै दिन यस संस्थामा बुझाउनु पर्नेछ ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढीकबोल गर्ने व्यक्तिलाई सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतजफत हुनेछ । लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकमफिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन् ।
४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचना प्रकाशित भएको ३६औ दिन अर्थात मिति २०८२/१०/१२ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्थाको कार्यालयमा हुनेछ । तोकिएको दिन लिलामी कार्य सम्पन्नहुन नसकेमा वा संस्था विदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ ।
५) लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकम बारे जानकारी लिन चाहने व्यक्तिले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जानकारी लिन सकिनेछ ।
६) डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ ।
७) डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुनपुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरिलियो भनि कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्रि गर्दापुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानीदिनेहरुको अन्यश्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिएको छ ।

टेलिफोन नं.:-०५१५९१५३४,९८२१८५३८३०
**Gmail:-kohinoorsahakari@gmail.com**

## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### जग्गा नामसारी हकदावी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.बडहर्वा वडा नं.७ हाल दुर्गाभगवती गा.पा. ५ मा बस्ने विगु राउतको छोरावुहारी राम एकवाल राउतको पत्नी प्यारी देवी कुर्मिनिले आफनो ससुरा नाता पर्ने विगु राउत कुर्मिको नाउमा दर्ता कायम रहेको जि.रौ गाविस बडहर्वा वडा नं.८ख कि.नं.३ को ०- २-१५ , ऐ.ऐ.वस्ने देवर नाता पर्ने जोगिन्द्र राउत कुर्मिको नाउमा दर्ता रहेको जि.रौ.गा.वि.स.बडहर्वा वडा नं.८ख कि.न.११ को ०- २-१ र ऐ.ऐ.वस्ने पति नाता पर्ने रामएकवाल राउत कुर्मिको नाउमा दर्ता रहेको ऐ.गा.वि.स.बडहर्वा वडा न.८ख कि.न.९६ को ०- ५-१५,ऐ.ऐ.वसतपुर वडा न.५ कि.न.२६ को ०- ९-१२ऐ.ऐकि.न.२७ को ०-०-११ को जग्गा नामसारी गरी पाउ भनि द.न.१५२१० मिति २०८२।०२।१२ को माग निवेदनको सम्वन्धमा पेश गरेकोले मोठ भिडान हुदा जोगिन्द्र राउत कुर्मि, विगु राउत कुर्मि र राम एकवाल राउत कुर्मिको नाउमा मोठ कायम रही रोक्का नदेखिएको साथै वतनमा बडहर्वा ८ मात्र उल्लेख रहेको तिनपुस्ते नरहेको भनि मोठ फाटवाट लेखिआएकोले सोको नामसारी हुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ। उक्त जग्गाधनिको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही अंशियार भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम नामसारी भै जाने छ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | वसतपुर | ५ | २६ | ०- ९-१२ | राम एकवाल राउत कुर्मि |
| ,, | ,, | ,, ५ | २७ | ०- ०-११ | ,, ,, ,, ,, |
| ,, | वडहर्वा | ८ख | ३ | ०- २-१५ | विगु राउत कुर्मि |
| ,, | ,, | ,, | ९६ | ०- ५-१५ | राम एकवाल राउत कुर्मि |
| ,, | ,, | ,, | ११ | ०- २-१ | जोगेन्द्र राउत कुर्मि |

# निर्वाचनका लागि दलहरुले उम्मेदवार छनौट गर्दै

**राकेश यादव**
**रौतहट ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रौतहटमा राजनीतिक दलहरुले पहिलो निर्वाचित हुने प्रत्यक्ष तथा समानुपतिक निर्वाचनको लागि धमाधम उम्मेदवारको नाम टुंगो लगाउने कार्य शुरु गरेको छ ।

गत भदौ २३ र २४ गते भएको जेन जेड समूहको आन्दोलनपछि गठन भएको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको चुनावी सरकारले फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको मिति घोषणा गरेपछि राजनीतिक दलहरुले आआफ्नो पार्टीका तर्फबाट निर्वाचनमा सहभागी हुने उम्मेदवारको नाम सिफारिस गर्न थालेको हो ।

रौतहटमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टीले आफ्नो पार्टीको उम्मेदवार छनौट गरिसकेका छन् । कांग्रेसका मधेश प्रदेश सभापति एवम् मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको नाम २ निर्वाचन क्षेत्रबाट सिफारिस गरिएको छ । रौतहट क्षेत्र नम्बर १ र ३ बाट मुख्यमन्त्री यादवको नाम सिफारिस गरिएको हो । कांग्रेसले क्षेत्र नम्बर १ बाट कृष्ण प्रसाद यादव, रामेश्वर प्रसाद यादव, नितेश गुप्ताको नाम सिफारिस गरेको छ । क्षेत्र नम्बर २ बाट पूर्वमन्त्री स्वर्गीय महमद आफताव आलमका छोरा डाक्टर मोहमद फिर्दोस आलम, क्षेत्र नम्बर ३ बाट मुख्यमन्त्री कृष्ण यादव, जिल्ला सभापति एवम पूर्वअर्थमन्त्री सुनिल कुमार यादव, ज्ञानेन्द्र यादव र क्षेत्र नम्बर ४ बाट निवर्तमान सांसद देव प्रसाद तिमिल्सिनाको नाम प्रत्यक्षतर्फ सिफारिस गरेको छ ।

जनमत पार्टीले केन्द्रीय अध्यक्ष डाक्टर सिके राउतको नाम रौतहट क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ सिफारिस गरेको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालले क्षेत्र नम्बर १ बाट पूर्वराज्यमन्त्री योगेन्द्र राय यादवको नाम सिफारिस गरेको छ भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले क्षेत्र नम्बर १ बाट अनिल कुमार सिंहको नाम प्रत्यक्षतर्फ सिफारिस गरेको बुझिएको छ ।

विघटित प्रतिनिधि सभाको पुनस्थापना माग गर्दै आएको नेकपा एमालेले प्रतिनिधि सभाको उम्मेदवारको नाम छनौटका लागि अहिलेसम्म प्रक्रिया अगाडि बढाएको छैन । नेपाल कम्युनिस्ट पार्टी एकता सन्देश सभा गर्न व्यस्त देखिएको छ ।

# लालपर्सामा बर्थिङ सेन्टर सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ३० लालपर्सास्थित स्वास्थ्य चौकीमा आइतबारदेखि प्रसूति सेवाका लागि बर्थिङ सेन्टर सञ्चालनमा आएको छ ।



सुरक्षित मातृत्व सेवा प्रवद्र्धन गर्ने उद्देश्यले स्थापना गरिएको बर्थिङ सेन्टरको महानगर प्रमुख राजेशमान सिंहले उद्घाटन गर्दै सेवा शुभारम्भ गरे ।

उद्घाटन समारोहमा महानगर प्रमुख सिंहले बजार क्षेत्रसँगै ग्रामीण भेगका बासिन्दालाई २४ घण्टा निःशुल्क, सहज र सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने लक्ष्यका साथ बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको बताए ।

उनले स्वास्थ्य संस्थामै प्रसूति गराउन प्रोत्साहन गर्दा मातृ तथा शिशु मृत्युदर घटाउन सहयोग पुग्ने उल्लेख गरे ।

ग्रामीण क्षेत्रका गर्भवती महिलाले सामान्य प्रसूति सेवाका लागि पनि सहर जानुपर्ने बाध्यता हटाउन गाउँमै बर्थिङ सेन्टर सञ्चालन गरिएको उनको भनाइ छ । त्यसैगरी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको जानकारी दिए ।

# हिन्दू समुदायको अधिकार र आवाज मजबुत बनाउन हिन्दू पत्रकार संगठित

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा हिन्दू पत्रकारहरूको छुट्टै सङ्गठनका रूपमा हिन्दू पत्रकार सङ्घ जिल्ला कार्यसमिति गठन भएको छ ।



संगठन हिन्दू धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवद्र्धन गर्दै पत्रकारिताको माध्यमबाट हिन्दू समुदायको अधिकार र आवाजलाई मजबुत बनाउने मुख्य उद्देश्यका साथ स्थापना गरिएको हो । विशेषगरी धर्मनिरपेक्षताका नाममा हिन्दू धर्ममाथि हुने प्रहारको विरोध गर्दै सनातन मूल्यमान्यताको रक्षा गर्नु यसको प्रमुख लक्ष्य रहेको नवगठित समितिका पदाधिकारीहरूले बताए ।

वीरगंजस्थित क्लासिक ब्याङ्क्वेटमा आइतबार आयोजित पत्रकारको विशेष भेलाबाट सञ्चारकर्मी राजन रौनियारको अध्यक्षतामा समिति गठन गरिएको हो । सङ्घको उपाध्यक्षमा विनोद पटेल र बिमला गुप्ता, सचिवमा राजकुमार सर्राफ तथा कोषाध्यक्षमा आनन्द पटेल चयन भएका छन् ।

यस्तै, सदस्यहरूमा अभिलाष गुप्ता, अर्जुन चौधरी, अनिल ओझा, सन्तोष कुशवाहा, सञ्जय कुशवाहा, रवि बर्नवाल, राकेश साह, राजु बैठा, रश्मीराज भण्डारी, अजय चौरसिया, त्रिलोकी पटेल लगायतका पत्रकार रहेका छन् ।

सङ्घले सल्लाहकार समिति पनि गठन गरेको छ । समितिमा निरञ्जन मिश्र, रितेश झा, आरोहन साह, सोनालाल चौरसिया, कन्हैया गुप्ता र सन्तोष साह छन् । भेलामा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव अशोक तिवारीले संगगठनलाई स्वागत गर्दै हिन्दू पत्रकारहरूको सङ्गठनले पत्रकारिताको विविधतालाई थप मजबुत हुने र सनातन मूल्यहरूको संरक्षणमा योगदान पुग्ने बताए । त्यस्तै, पूर्व केन्द्रीय सचिव दीपेन्द्र चौहानले हिन्दू संस्कृतिको संरक्षणमा पत्रकारको भूमिका महत्त्वपूर्ण हुने बताउँदै नवगठित सङ्घलाई शुभकामना दिए ।

नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले संघ गठनको पहलले मधेश क्षेत्रमा हिन्दू समुदायको आवाजलाई बलियो बनाउने विश्वास व्यक्त गरे भने पर्सा शाखा अध्यक्ष ओमप्रकाश खनालले सङ्घको गठनले पत्रकारिताको क्षेत्रमा नयाँ आयाम थपिएको उल्लेख गरे ।

प्रेस चौतारी पर्साका अध्यक्ष निरञ्जन मिश्रले हिन्दू धर्ममाथि हुने आक्रमणहरूको विरुद्धमा यो सङ्गठनले प्रभावकारी भूमिका खेल्ने अपेक्षा व्यक्त गरे । कार्यक्रममा उपस्थित वरिष्ठ पत्रकार रामकुमार सर्राफ र नेपाल प्रेस युनियनका अजय साहलगायतका अतिथिले पनि संगठन स्थापनालाई ऐतिहासिक कदम बताउँदै यसले पत्रकारहरूबीच एकता र हिन्दू धर्मको रक्षामा योगदान पुग्ने धारणा राखे ।

भेलामा उपस्थित पत्रकारहरूले सङ्गठनले हिन्दू समुदायका मुद्दालाई राष्ट्रियस्तरमा उठान गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# मदिरा पसलमा आगो लग्दा अन्य पसलमा पनि क्षति

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ५ अन्तर्गत रेल्वे रोडको कुम्हालटोल सामुदायिक प्रहरी सेवा केन्द्र अगाडि रहेको मदिरा पसलमा आइतबार बिहान ग्यास सिलिन्डर विस्फोट हुँदा भीषण आगलागी भएको छ ।

प्रत्यक्षदर्शीका अनुसार पसलभित्र खाना पकाउन प्रयोग गरिएको ग्यास सिलिन्डर विस्फोट भएपछि ठूलो आवाजसहित आगो फैलिएको थियो । आगलागीको सूचना पाएलगत्तै वीरगंज महानगरपालिकाको दमकल टोली दुई वटा दमकल, एक जेटिङ मेसिन र जेसीबीसहित घटनास्थलमा पुगेको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्सा तथा स्थानीयको सहयोगमा करिब एक घण्टाभित्र आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको थियो ।

समयमै आगो नियन्त्रणमा लिँदा थप क्षति हुनबाट जोगिएको सुरक्षा निकायले जनाएको छ ।

पर्सा प्रहरीका अनुसार आगलागीबाट करिब ११ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । वीरगंज–१६ नगवाका ४५ वर्षीय कसी मुखियाको मदिरा पसलमा रहेका तीन वटा फ्रिज, फर्निचर, वासर र जस्तापाताले छाएको घर जलेर करिब ६ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

त्यसैगरी भारतको रक्सौल बस्ने ४५ वर्षीय विनोद ठाकुरको लोहार पसलमा करिब १ लाख ५० हजार रुपैयाँ बराबरको नोक्सानी पुगेको छ । नामथर नखुलेको एक व्यक्तिको काठ, बाँस र जस्तापाताले बनेको अस्थायी घर पूर्ण रूपमा जलेर २ लाख रुपैयाँको क्षति भएको छ । साथै वीरगंज–५ का सुरेश सिंह ठकुरीको एउटा घोडा र बाँस–जस्तापाताको संरचना जलेर थप २ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । आगलागीको प्रारम्भिक कारण भट्टी र मासु पकाउने ठाउँमा रहेको ग्यास सिलिन्डर विस्फोट भएको अनुमान गरिएको छ ।

# मुख्यमन्त्री कार्यालय गृहमा सारियो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनभित्रै रहेको गृह, सञ्चार तथा कानून मन्त्रालयमा सरेको छ ।

जेन्जी आन्दोलनक्रममा मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालय २३ भदौमा जलाइएपछि मधेश भवनभित्र रहेको कबर्ड हलमा सारिएको थियो । आवश्यक भौतिक पूर्वाधार संरचना तथा फर्निचर नभएपछि जेनतेन कार्यालय सञ्चालनमा थियो ।

तर मुख्यमन्त्रीकै कार्यकक्ष थिएन । मुख्यमन्त्री कृष्णप्रसाद यादवको निर्णयले यो कार्यालय गृहसञ्चार तथा कानून मन्त्रालयमा सारिएको हो । गृहसञ्चार तथा कानून मन्त्रालय भने मुख्यमन्त्री कार्यालय रहेको कबर्ड हलमा सारिएको हो ।

# तत्कालीन गाउँपालिका अध्यक्षसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको बलानबिहुल गाउँपालिकाका तत्कालीन अध्यक्ष दयानन्द गोइतसहित ५ जना र एक कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

विद्यालय भवन निर्माणको ठेक्का छनोट गर्दा अनुभव नपुगेका कम्पनीलाई मिलेमतोमा छनोट गरिएको दाबीसहित आयोगले मुद्दा दायर गरेको हो ।

विद्यालय भवन निर्माण कार्यको ठेक्का प्रक्रियामा प्रचलित कानूनको बर्खिलाप हुनेगरी बदनियत राखी बोलपत्रमा उल्लेख गरिएको कार्य अनुभव नपुगेको बोलपत्र आपसी मिलेमतोमा स्वीकृत गरी भ्रष्टाचार गरेको आरोपमा आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए ।

गोइतसँगै गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहम्मद नसीम राइन, लेखापाल कमलेशकुमार सहा, तत्कालीन सब इन्जिनियर सन्तोषकुमार रजक र ओम गणेशाय कन्स्ट्रक्सन प्रालि तथा त्यसका म्यानेजिङ डाइरेक्टर राजीवकुमार साहविरुद्ध मुद्दा दायरा गरिएको हो ।

उनीहरू सबै जनाविरुद्ध ८ करोड ९८ लाख २१ हजार ४९६ रूपैयाँ बिगो कायम गरिएको आयोगका सहायक प्रवक्ता अधिकारीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# 'मकेश्वर बाबूको योगदान बिर्सन नसकिने'

**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
पूर्वमन्त्री मकेश्वर प्रसाद सिंह (मकेश्वर बाबू) को योगदान बिर्सन नसकिने कार्यक्रमका वक्ताहरुले बताएका छन् । उनको १५ औं श्रद्धाञ्जली सभा आइतबार मकेश्वर बाबू स्मृति प्रतिष्ठानका अध्यक्ष रितेश कुमार सिंहको अध्यक्षतामा भयो । कार्यक्रममा वक्ताहरूले भने कि राजतन्त्रको समय मा जब उनी मन्त्री थिए, उनले धनुषा जिल्ला र मधेशका अन्य जिल्लामा सिँचाइ र सडकको विकासमा काम गरे । मकेश्वर बाबूले आधुनिक जनकपुरधामको निर्माणमा महत्वपूर्ण योगदान पु¥याए । जानकी आँखा अस्पताल, जनकपुर अञ्चल अस्पताल, जानकी वृद्धाश्रम, अपाङ्ग संघ र विवाह मज्डप निर्माणको श्रेय मकेश्वर प्रसाद सिंहलाई जान्छ ।




श्रद्धाञ्जली सभामा मकेश्वर बाबू पुरस्कार स्मृति पुरस्कार जनकपुरधामका प्रसिद्ध चिकित्सक स्वर्गीय जय बल्लभ लाल दासलाई प्रदान गरिएको थियो ।

कार्यक्रममा मधेशवादी नेता सञ्जय सिंह, मो. असगर अली, अमर चन्द्र अनिल, गंगाप्रसाद यादव, शिवदयाल साह, राकेश कुमार सिंहलगायतका गणमान्य व्यक्तित्वको उपस्थिति थियो ।

# जनता सहयोगीको १५ औँ साधारण सभा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राम नरेश साहको अध्यक्षतामा जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औँ साधारण सभा पंजियार भवनमा भव्यताका साथ सम्पन्न भयो । साधारण सभा उद्घाटन प्रमुख अतिथि समाजसेवी शुभ ढुंगाना र विशेष अतिथि प्राध्यापक रणधीर झा र सुजाता थापाले संयुक्त रूपमा दीप प्रज्वलन गरी गरेका थिए । प्रमुख अतिथि ढुंगानाले जनता सहयोगी बचत तथा ऋण सहकारी सानो पूँजीबाट शुरु भएको बताए । जनता सहयोगी बचत तथा ऋण सहकारीको निक्षेप सय गुणा बढेको छ । यो एजेन्ट, बचतकर्ता, ऋणदाता र शेयरधारकको सहयोगका लागि धन्यवादको विषय भएको उनले बताए ।

विशेष अतिथि प्राध्यापक रणधीर झाले भने, 'हरेक दिन थोरै रकम बचत गरेर तपाईंले ब्याजसहित ठूलो रकम कमाउन सक्नुहुन्छ, जुन तपाईं आफ्नो आवश्यकताको लागि प्रयोग गर्न सक्नुहुन्छ ।' जनता सहयोगी बचतले नेपाल राष्ट्र बैंकको निर्देशिकाअनुसार अचल सम्पत्ति भएको आधारमा गरिब किसानलाई पशुधन किन्न, साना व्यवसाय गर्न र अन्य आवश्यकताहरूको लागि ऋण प्रदान गर्दछ । जनता सहयोगी बचत संस्थाले स्वास्थ्य शिविरलगायत सामाजिक कार्य पनि गर्दै आएको छ ।

सुजाता थापाले महिलाले आफ्ना पति र छोराछोरीले दिएको घरायसी कामबाट पैसा बचत गरेर यस बैंकमा जम्मा गर्न सक्ने र ब्याजसहित ठूलो रकम प्राप्त गर्न सक्ने बताइन् । पुरानो समयमा महिलाले खाना पकाउँदा एक मुठी भात बचत गर्ने चलन थियो । तर आज उनीहरूले पैसा बचत गर्छन् । अर्चना कुमारी झा, समरुल खातुन, दुख्नी देवी, अनिता महरा, ओमप्रकाश पंजियारलगायत साधारण सभामा बोलेका थिए ।

# आगलागीमा बुहारीको मृत्यु, ससुरा घाइते

**सिन्धुली ।**
कमलामाई नगरपालिका–६ धुराबजारस्थित एक घरमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । स्थानीय ६२ वर्षीय दुर्गामान बम्जनको घरमा भान्साकोठाभित्र आगलागी हुँदा उनकी बुहारी ३२ वर्षीया सुशीला बम्जनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए । उनका अनुसार दुर्गामान बम्जनको दाहिने हात, दाहिने खुट्टा र ढाड जलेको र उनको जिल्ला अस्पताल सिन्धुलीमा उपचार भइरहेको छ । दिउँसो खाजा खाने समयमा बुहारीलाई आगो लागेको देखेपछि निभाउन खोज्दा ससुरालाई पनि आगोले पोलेको जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ ।

आइतबार दिउँसो भएको घटनाका बेला घरमा मृतक सुशीला, उनका सासू, ससुरा र नन्द घरमा नै भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए । मृतकका श्रीमान् वैदेशिक रोजगारीमा रहेका छन् भने उनका दुई छोरा र एक छोरी छन् । प्रहरीले घटनाको अनुसन्धान सुरु गरेको सुवेदीले जानकारी दिए ।

# मधेशमा पनि मनाइयो विश्व ध्यान दिवस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा दोस्रो विश्व ध्यान दिवस ध्यान सभाको आयोजना गर्दै मनाइएको छ । मधेशको मुख्यमन्त्री कार्यालयमा विश्व ध्यान दिवसको अवसरमा आयोजित कार्यक्रममा मधेशका मुख्यमन्त्री, मन्त्री, पूर्व मुख्यमन्त्री, प्रदेशसभा सदस्यहरु तथा प्रदेश सरकारका कर्मचारीहरुको सहभागितामा ध्यान गर्दै विश्व ध्यान दिवस मनाइएको हो ।



कार्यक्रममा मुख्यमन्त्री कृष्ण यादवले दौडधूपले भरिएको तथा आजको प्रतिस्पर्धात्मक युगमा ध्यानको विशिष्ट महत्व रहेको बताए । उनले २१औँ शताब्दीमा एकले अर्कालाई जित्ने प्रतिस्पर्धात्मक समयमा ध्यान मात्रै यस्तो माध्यम हो जसले आत्मालाई शान्ति प्रदान गर्न सक्छ उल्लेख गरे । त्यसैले ध्यानलाई दिनचर्यामा सबैलाई शामिल गर्न आग्रह समेत गरे ।

संयुक्त राष्ट्रसंघको घोषणाअनुसार आइतबार विभिन्न कार्यक्रम आयोजना गरी 'विश्व ध्यान दिवस' मनाइएको छ ।

संयुक्त राष्ट्रसंघले डिसेम्बर २१ तारिखलाई विश्व ध्यान दिवसका रूपमा मनाउने घोषणा गरेसँगै मधेशमा पनि ध्यान दिवस मनाइएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन